नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

**सूचना नं.:- ०७८/०७९-०५**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०८/०३**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, पर्साको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रम** सञ्चालन गर्न जिल्ला भित्रका इच्छुक योग्य आवेदकहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन मिति २०७८/०९/०२ गते कार्यालय समयभित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट:**

१. *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाई, पर्साबाट प्राप्त गर्न सकिनेछ । अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।*

**आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु:**

१ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको अनुसूची-१० बमोजिमको आवेदन ।

२ अनुसूची-१० बमोजिमको आवेदनका साथ माग भएका कागजातहरुको प्रतिलिपि (संस्था दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाण पत्र, आवेदकसंस्थाको कारोबार खुल्ने आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन,... आदि)

३ परियोजना कार्यान्वयन एकाईमा आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्ति तोकेको निर्णयको प्रतिलिपी ।

४ परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि अनुदान माग सम्बन्धमा कार्य/संचालक समितिको निर्णयको प्रतिलिपि ।

५ आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

६ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि ।

७ चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रममा सहभागिताको लागि सम्बन्धित स्थानिय निकायको सिफारिश पत्र ।

८ कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।

..............................

**नि. बरिष्ठ कृषि अधिकृत**